
# आर्थिक वर्ष २०७५/७६ को राष्ट्रिय लेखा तथ्याङ्क

## १ परिचय (Introduction)

अर्थतन्त्रका विविध पक्षहरूलाई मापन गरी आर्थिक नीति निर्माण गर्न तथा आर्थिक विकासका गतिविधिहरूको अनुगमन तथा मूल्यांकन गर्नका लागि केन्द्रीय तथ्याङ्क विभागबाट नियमित रूपमा कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Production, GDP), उपभोग (Consumption), बचत (Saving), लगानी (Investment) आदि जस्ता महत्वपूर्ण राष्ट्रिय लेखा ( National Accounts) सम्बन्धी समष्टिगत आर्थिक सूचकहरू तथा त्यससँग सम्बन्धित तथ्याङ्कहरू तयार गरी सार्वजनिक गरिँदै आइएको छ। यस्ता सूचकहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका विभिन्न सरोकारवालाहरूबाट व्यापक रूपमा प्रयोग हुँदै आएको छ । नेपालमा राष्ट्रिय लेखा अनुमानहरू वि.सं. २०१७ सालदेखि शुरु गरी वि.सं. २०२१/२०२२ देखि अविच्छिन्न रूपमा तयार गरी प्रकाशन गरिँदै आएको छ। यसै क्रममा चालू आर्थिक वर्ष २०७५/७६ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरू एवं बाँकी अवधिको सामान्य अवस्थाको आधारमा वस्तु तथा सेवाको उत्पादन अनुमान गरी २०७५/७६ को प्रारम्भिक अनुमान र प्राप्त संशोधित तथ्याङ्कका आधारमा विगत आर्थिक वर्ष २०७३/७४ को अन्तिम अनुमान तथा गत आर्थिक वर्ष २०७४/७५ को संशोधित अनुमान प्रकाशित गरिएको छ। हाल प्रकाशित स्थिर मूल्यका अनुमानहरू आर्थिक वर्ष २०५७/२०५८ को मूल्यमा आधारित छन्। तथ्यांकको उपलब्धता संगसँगै केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय लेखा तथ्यांक परिमार्जन नीति बमोजिम आर्थिक वर्ष २०७४/७५ र आर्थिक वर्ष २०७५/७६ का अनुमानहरूलाई क्रमशः परिमार्जन सहित प्रकाशित गर्दै लगिने छ। हाल सम्म प्राप्त अनुमानहरूको अध्ययन गर्दा चालू आर्थिक वर्ष २०७५/७६ मा आधारभूत मुल्यमा ६.८१ प्रतिशतले आर्थिक वृद्धि हुने देखिन्छ।

## २ कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदर (Annual Growth Rate of GDP)

चित्र नं. १ : कुल गार्हस्थ उत्पादन बार्षिक बृद्धिदर




चालू आर्थिक वर्ष २०७५/७६ को सात देखि नौ महिना सम्मका आर्थिक क्षेत्रहरूसँग सम्बन्धित आँकडा तथा सूचनाहरूका आधारमा तयार गरिएको तथ्याङ्क अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) को स्थिर मूल्य वृद्धिदर आधारभूत मूल्यमा

(Basic price) ६.८१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। सोही वृद्धिदर गत आर्थिक वर्ष २०७४/७५ मा ६.३० प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७३/७४ मा ७.७४ प्रतिशत रहेको अन्तिम अनुमान छ (चित्र नं. १)।


## ३ बृहद औद्योगिक समूह अनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर (GVA by broad economic group)

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर तथ्याङ्क विश्लेषण गर्दा विगत तीन वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान केही घट्न गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान केही बढ्न गएको देखिन्छ तर द्वितीयक क्षेत्रको योगदानमा खासै घटबढ भएको देखिँदैन (चित्र नं. २)|

### ३.१ प्राथमिक क्षेत्र (Primary Sector)

यस क्षेत्र अन्तर्गत कृषि तथा वन, मत्स्य र खानी तथा उत्खनन क्षेत्र पर्दछन। चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २७.५९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा ५.१० प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। चालू आर्थिक वर्षमा मौसमी अनुकूलताका कारणले कृषि क्षेत्रमा उल्लेख्य वृद्धि, पुनर्निर्माणका लागि वन पैदावारका सामाग्री तथा उत्खनन क्षेत्रमा उत्पादन वृद्धि जस्ता कारणहरूले यस क्षेत्रको उत्पादनमा वृद्धि भएको देखिन्छ।

चित्र नं. २ : बृहत औद्योगिक समुह अनुसार कुल मुल्य अभिबृद्धि दर




### ३.२ द्वितीय क्षेत्र (Secondary Sector)

यस क्षेत्र अन्तर्गत निर्माण, उद्योग र विद्युत्, ग्याँस तथा पानी क्षेत्र पर्दछन। चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १४.६० प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा ८.१० प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। खासगरी ऊर्जा क्षेत्रको विस्तार, पुनर्निर्माण तथा अन्य निर्माण कार्यको तीव्रता,

औद्योगिक क्षेत्रमा भएको उत्पादन वृद्धि लगायतका कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर मा उल्लेख्य प्रगति देखिन्छ।


### ३.३ सेवा क्षेत्र (Tertiary Sector)

यस क्षेत्र अन्तर्गत थोक तथा खुद्रा व्यापार, होटेल तथा रेष्टुरेन्ट, यातायात सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, रियल स्टेट तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन। चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५७.८१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ (चित्र नं. २)। अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर स्थिर मुल्यमा ७.२९ प्रतिशत हुने प्रारम्भिक अनुमान  रहेको छ। स्वदेशी वस्तुहरूको उत्पादनमा भएको वृद्धि तथा आयातित वस्तुहरूमा भएको वृद्धिले व्यापार क्षेत्रको उत्पादन सकारात्मक भएको देखिन्छ भने पर्यटकहरूको आगमनमा भएको वृद्धि, विद्युत् आपूर्तिमा भएको सहजता जस्ता कारणले होटेल, रेष्टुरेण्ट, यातायात तथा सञ्चार क्षेत्रको आर्थिक प्रगति उल्लेखनीय भएको छ। शिक्षा, स्वास्थ्य लगायतका सामाजिक सेवाहरूमा पनि क्रमिक रूपमा प्रगति भइरहेको देखिन्छ।

## ४ औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिवृद्धि (GVA by Industry Classification)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले २६.९८ प्रतिशत तथा गैर कृषि क्षेत्रले ७३.०२ प्रतिशत योगदान रहेको प्रारम्भिक अनुमान गरिएको छ। चालू आर्थिक वर्षको कृषि क्षेत्र (कृषि, वन तथा मत्स्य) को कुल मूल्य अभिवृद्धि

चित्र नं. ३ : औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिबृद्धि



(GVA) ५.०३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३)। त्यसैगरी गैर कृषि क्षेत्रको ७.४८ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ (चित्र नं. ३)। आर्थिक क्षेत्रहरूको विस्तृत वर्गीकरण अनुसार वार्षिक वृद्धिदर निम्नानुसार हुने प्रारम्भिक अनुमान गरिएको छ।

## ४.१ कृषि तथा वन (Agriculture and Forestry)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २६.५० प्रतिशत योगदान दिएको प्रारम्भिक अनमान गरिएको छ। यसै गरि यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वार्षिक वृद्धिदर ५.०२ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। प्रमुख बालीहरू जस्तै धान,तरकारी, गहुँ, मकै,आलु आदिको उत्पादनमा आएको वृद्धिका कारण यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) बढेको अनुमान गरिएको हो । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको द्धिमासिक बालीनाली स्थिति प्रतिवेदन २०७६ अनुसार धानको उत्पादन चालू आर्थिक वर्षमा ८.८९ प्रतिशतले वृद्धि हुने आँकडा सार्वजनिक भएको छ (तालिका १)। त्यस्तै गरी चालू आर्थिक वर्षमा दलहन तथा जुटको उत्पादनमा ह्रास हुने तथा अन्य वालिमा सामान्य वृद्धि हुने अनुमान मन्त्रालयको छ। कृषि क्षेत्रको व्यवसायी कीकरण, मल बीउको उपलब्धता, सिँचाइमा विस्तार तथा अनुकूल मौसम आदिको कारणले यस क्षेत्रको वृद्धिमा सघाउ पुगेको छ।

तालिका : १

| क्र.सं. | विवरण | आ व २०७५/७६ मा अनुमानित वृद्धि |
|---|---|---|
| १ | धान | ८.८९% |
| २ | तरकारी | ५.४९% |
| ३ | गहुँ | ४.५०% |
| ४ | मकै | ३.४८% |
| ५ | आलु | ४.३०% |
| ६ | दलहन | -१.६८% |

## ४.२ मत्स्यपालन (Fishery)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.४८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। चालू आर्थिक वर्ष २०७५/७६ मा अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) वार्षिक वृद्धिदर ५.६० प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। मत्स्य उत्पादनमा मत्स्य सेवा विभागले लिएको लक्ष्य हासिल हुने अनुमान सो विभागको अनुमानमा रहेको छ। सरकारी तथा गैर सरकारी प्रयासहरू सफल हुँदै गएका कारण मत्स्य उत्पादनमा वृद्धि भएको अनुमान गरिएको छ।

## ४.३ खानी तथा उत्खनन (Mining and Quarrying)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ०.६० प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। खानी तथा उत्खनन क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा यस वर्षको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर ९.४७ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। पुनर्निमाणका कार्य सँगसँगै भूकम्प अति प्रभावित जिल्लाहरूमा

ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खननमा निकै वृद्धि आएको छ भने अन्य निर्माणहरूमा पनि तीव्रता आएका कारण अन्य जिल्लाहरूमा समेत ढुङ्गा, गिटी, बालुवा र माटोको उत्खननमा वृद्धि भएको हो। जसका कारण यस क्षेत्रको वृद्धिदर मा उल्लेख्य प्रगति हुने अनुमान गरिएको छ।

## ४.४ उद्योग (Manufacturing)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ५.५९ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। उद्योग क्षेत्रमा आर्थिक वर्ष २०७४/७५ को तुलनामा आर्थिक वर्ष २०७५/७६ मा कुल मूल्य अभिवृद्धि (GVA) ५.७८ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। ऊर्जाको नियमित उपलब्धता, अनुकूल औधोगिक वातावरण आदि कारणले यस क्षेत्रको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

## ४.५ विद्युत, ग्यास तथा पानी (Electricity, Gas and Water)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.२५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा यस आर्थिक वर्षमा १२.४० प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। चालू आर्थिक वर्षमा विद्युत उत्पादन गत वर्षको तुलनामा वृद्धि भएका कारण यस क्षेत्रको मूल्य अभिवृद्धि वृद्धि भएको देखिन्छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार आ.व. २०७५/७६ मा बागमती जलबिद्युत आयोजना संचालनमा आई कुल २२ मेगा वाट राष्ट्रिय प्रसारण प्रणालीमा थपिएको तथा फाल्गुन र चैत्र महिनामा वर्षाका कारण आन्तरिक उत्पादनमा वृद्धि तथा आयातमा कटौती भएको कारणले यस क्षेत्रको वृद्धि दरमा

**तालिका नं. २: मासिक विद्युत् उत्पादन (गिगा वाट घण्टा)**

| महिना | आ व २०७४/७५ | | | आ व २०७५/७६ | | | मासिक वृद्धि (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|
| | ने.वि. प्रा. को उत्पादन(GWH) | आन्तरिक खरिद (GWH) | जम्मा | ने.वि. प्रा. को उत्पादन(GWH) | आन्तरिक खरिद (GWH) | जम्मा | |
| श्रावण | २४०.७ | २३२.५ | ४७३.२ | २४७.२ | २६५.१ | ५१२.३ | ८.३ |
| भाद्र | २३४.६ | २३१.६ | ४६६.२ | २४८.१ | २७२.३ | ५२०.४ | ११.६ |
| आश्विन | २४५.९ | २५२.५ | ४९८.४ | २३२.७ | २८७. | ५१९.७ | ४.३ |
| कार्तिक | २२५.८ | २३०.५ | ४५६.४ | २१५.३ | २४२.९ | ४५८.२ | ०.४ |
| मार्ग | १६७.६ | १७६.३ | ३४३.९ | १७७.४ | १८०.७ | ३५८.१ | ४.१ |
| पौष | १३८.४ | १३५.३ | २७३.६ | १४८. | १४०.२ | २८८.२ | ५.३ |
| माघ | १२६.६ | १०९.२ | २३५.८ | १३२.४ | ११९. | २५१.३ | ६.६ |
| फाल्गुण | १२६.१ | १००.७ | २२६.८ | १३२.९ | ११७.१ | २५०. | १०.२ |
| चैत्र | १३६.६ | १०९.६ | २४६.२ | १७८.८ | १२९.९ | ३०८.७ | २५.४ |
| वैशाख | १६५.९ | १२८.३ | २९४.२ | | | | |
| जेष्ठ | २३५.८ | १९७.५ | ४३३.३ | | | | |
| असार | २५७.६ | २६३.९ | ५२१.४ | | | | |
| जम्मा | | | | | | | |

श्रोत : नेपाल विद्यत प्राधिकरण

उल्लेख्य प्रगति हुने अनुमान रहेको छ ।

### ४.६ निर्माण (Construction)


चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.७७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा निर्माण क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) ८.९४ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । निर्माण तथा पुनर्निर्माणका कार्यहरूमा बढोत्तरी हुनु नै यस क्षेत्रको उत्पादन वृद्धि हुनुका प्रमुख कारण हुन् । खासगरी मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोसी जल विद्युत् आयोजना,भैरहवा,पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल लगायत अन्य ठूला आयोजनाहरूको निर्माण कार्यले गर्दा यो क्षेत्रको उत्पादन उल्लेख्य वृद्धि हुन पुगेको हो ।

### ४.७ थोक तथा खुद्रा व्यापार (Wholesale and Retail Trade)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १४.३७ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । थोक तथा खुद्रा व्यापार क्षेत्रमा आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा कुल मूल्य अभिवृद्धि (GVA) १०.८९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ । कृषि जन्य उत्पादनमा आएको वृद्धि, उद्योग क्षेत्रमा भएको उत्पादनको वृद्धि, आयातमा आएको वृद्धिका कारणले गत वर्षको तुलनामा यस वर्ष यस क्षेत्रको वृद्धिदर निकै सकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान गरिएको हो ।

### ४.८ होटेल तथा रेष्टुरेन्ट (Hotel and Restaurant)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २.०५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ । होटेल तथा रेष्टुरेन्ट क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA), अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा ८.३३ प्रतिशतले वृद्धि हुने अनुमान



रहेको छ। पर्यटकको आगमन संख्यामा उल्लेख्य वृद्धि हुनु (चित्र नं. ४), आन्तरिक पर्यटन वर्ष अभियानले आन्तरिक पर्यटनको प्रवर्द्धन हुनु, ऊर्जा समस्या समाधान भई होटेल तथा रेष्टुरेण्टलाई आवश्यक ऊर्जा उपलब्ध हुनु जस्ता कारणहरूले यस क्षेत्रले चालू आर्थिक वर्षमा भने निकै प्रगति गरेको देखिन्छ।

### ४.९ यातायात, संचार तथा भण्डारण ( Transportation, Communication and Storage )

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.२३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (GVA) मा अघिल्लो वर्ष २०७४/७५ को तुलनामा यस आर्थिक वर्ष २०७५/७६ मा ५.९० प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। चालू आर्थिक वर्षमा यातायात क्षेत्र प्रभावित हुने गरी बन्द, हडताल जस्ता अवरोधहरू निकै कम भएका कारण यस क्षेत्रको उत्पादन वृद्धि भएको हो। अर्थतन्त्रका अन्य क्षेत्रहरू प्रगति उन्मुख भए सँगै मानिसहरू चलायमान हुँदा यातायात क्षेत्र लाभान्वित हुन पुगेको देखिन्छ। संचार क्षेत्रको सेवा विस्तार सँगसँगै प्रयोग कर्तामा समेत आएको वृद्धिका कारण यस क्षेत्रको मूल्य अभिवृद्धि बढ्न गएको देखिन्छ।

### ४.१० वित्तीय मध्यस्थता (Financial Intermediation)

वित्तीय मध्यस्थता क्षेत्र भित्र बैंकिङ समूहमा नेपाल राष्ट्र बैंक, वाणिज्य बैंक, विकासबैंक, वित्त कम्पनीहरूको साथै सहकारी संस्थाहरूको कारोबार रहेका छन्। बीमा समूहमा बीमा समिति, जीवन बीमा र निर्जीवन बीमा कम्पनीहरूको कारोबारहरू रहेका छन्। त्यस्तै गरी सामाजिक सुरक्षा योगदान समूहमा नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज , कर्मचारी संचय कोष, नागरिक लगानी कोष आदिका कारोबारहरू रहेका छन्। चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ६.३२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। समग्र रूपमा यी क्षेत्रमा भएको बढोत्तर क्रियाकलापको कारणले अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा ६.१८ प्रतिशतले कुल मूल्य अभिवृद्धि (GVA) मा वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ।

### ४.११ रियल स्टेट, रेन्टिंग तथा व्यावसायिक सेवा (Real Estate, Renting and Business Activities)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ११.५३ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्र अन्तर्गत कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर अघिल्लो वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा ६.१२ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। शहरी क्षेत्रमा घर जग्गाको कारोबारमा आएको बढोत्तरी तथा व्यावसायिक कारोबार जस्तै : कम्प्युटर सम्बन्धी, अनुसन्धान तथा विकास, कानुनी र व्यवस्थापन तथा इन्जिनियरिंग

परामर्शसेवा, फोटोग्राफी तथा सहकारी क्रियाकलाप आदिमा आएको सामान्य वृद्धिका कारण यस क्षेत्रको वृद्धिदर सकारात्मक हुन पुगेको प्रारम्भिक अनुमान रहेको छ।

### ४.१२ सार्वजनिक प्रशासन तथा रक्षा (Public Administration and Defense)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले २.७१ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा चालू आर्थिक वर्ष २०७५/७६ को कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर ५.५६ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। केन्द्रीय सरकारको सार्वजनिक प्रशासन तथा रक्षामा गरिएको खर्चको आधारमा यस क्षेत्रमा उक्त वृद्धिदर हासिल हुने अनुमान छ।

### ४.१३ शिक्षा (Education)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ७.०६ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा अघिल्लो आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा कुल मूल्य अभिवृद्धि (GVA) ५.१७ प्रतिशतले वृद्धि हुने पूर्वानुमान गरिएको छ। निजी तथा गैरसरकारी क्षेत्रहरूबाट संचालित शैक्षिक गतिविधिहरूमा भएको परिवर्तित सूचकको आधारमा तयार गरिएको अनुमान अनुसार पछिल्लो वृद्धिदर हासिल हुने प्रारम्भिक अनुमान गरिएको छ। मध्यवर्ती उपयोग कम भएको तर आयमा बढोत्तरी भएका कारण निजी शैक्षिक संस्थाहरूको कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर बढेको हो। तथापि विद्यार्थी संख्या उल्लेख्य रूपमा नबढेका कारण यस क्षेत्रको मूल्य अभिवृद्धि पनि सामान्य रूपमा मात्र वृद्धि भएको देखिन्छ।


### ४.१४ स्वास्थ्य तथा सामाजिक कार्य (Health and Social Work)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले १.७५ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रतर्फ आर्थिक वर्ष २०७४/७५ को तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा ६.६९ प्रतिशतले कुल मूल्य अभिवृद्धि (GVA) बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। स्वास्थ्य सेवाको पहुँच विस्तारका साथ साथै मानिसहरूमा स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि हुनु तथा निजी स्वास्थ्य संस्थाहरूको आयमा पनि क्रमिक रूपमा वृद्धि भएका कारण यस प्रकारको प्रगति देखिएको हो।

### ४.१५ अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा (Other Community, Social and Personal Services)

चालू आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रले ४.७८ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा कुल मूल्य अभिवृद्धि (GVA) वृद्धिदर अघिल्लो आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्ष २०७५/७६ मा ६.०३ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। केन्द्रीय तथा स्थानीय सरकारको सामुदायिक, सामाजिक क्षेत्रमा गरिएको खर्चको आधारमा र निजी क्षेत्रहरूबाट संचालित एफ.एम. रेडियो तथा टेलिभिजन जस्ता मनोरञ्जनात्मक सेवाको आर्थिक गतिविधिहरूको आधारमा यस क्षेत्रको गार्हस्थ्य उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ।

## ५ औद्योगिक वर्गीकरण अनुसार कुल गार्हस्थ्य उत्पादनको अंश तथा कुल मूल्य अभिवृद्धिको





**वृद्धिदर (Weight of Various Industries in GDP and Growth Rate of Value Added)**

चालू आर्थिक वर्ष २०७५/७६को कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी अंश विगत वर्षहरु जस्तै कृषि क्षेत्रको रहेको अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०७४/७५ कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनको २८.०६ प्रतिशत हिस्सा ओगटेकोमा चालू आर्थिक वर्षमा यो हिस्सा घटेर २६.९८ प्रतिशत हुन पुगेको अनुमान गरिएको छ (चित्र नं. ५)। कुल पन्ध्रवटा औद्योगिक क्षेत्रमध्ये गत वर्षको तुलनामा कुल गार्हस्थ्य उत्पादनको अंश बढ्नेमा उद्योग, विद्युत् तथा ग्याँस र पानी, थोक तथा खुद्रा व्यापार,

सार्वजनिक प्रशासन तथा रक्षा, स्वास्थ्य तथा सामाजिक सेवा, रियल स्टेट तथा व्यावसायिक सेवा, यातायात ;संचार तथा भण्डारण, निर्माण, वित्तीय मध्यस्थता, होटेल तथा रेस्टुरेन्ट र अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा  गरि एघार वटा

**चित्र नं. ६: औद्योगिक वर्गीकरण अनुसार कुल मूल्य अभिबृद्धि बृद्धिदर**




छन् र  घट्ने मा कृषि तथा वन, मत्स्य, खानी तथा उत्खनन, शिक्षा  गरी चारवटा रहेका छन। (चित्र नं. ५)।

 त्यसैगरी गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको कुल मूल्य अभिवृद्धि वृद्धिदर को अध्ययन गर्दा कुल पन्ध्रवटा औद्योगिक क्षेत्र मध्ये ६ वटा क्षेत्रको अघिल्लो आर्थिक वर्षको वृद्धिदर भन्दा कम रहने अनुमान रहेको छ भने ९ वटा क्षेत्रको तुलनात्मक हिसाबले वृद्धिदर  बढेको देखिन्छ (चित्र नं. ६)। चालू आर्थिक वर्षमा गत बर्षको तुलनामा कुल मूल्य अभिवृद्धि वृद्धिदर  सबै भन्दा बढी क्रमशः बिद्युत ग्यास र पानी ,कृषि तथा बन , यातायात ;संचार तथा भण्डारण, रियल स्टेट तथा व्यावसायिक सेवा, खानी तथा उत्खनन, सार्वजनिक प्रशासन तथा रक्षा, अन्य सामुदायिक सामाजिक तथा व्यक्तिगत सेवा ,स्वास्थ्य तथा सामाजिक सेवा तथा शिक्षा क्षेत्रमा रहेको अनुमान गरिएको छ (चित्र नं. ६)।

## ६ आ.ब. २०७५/७६ मा केही प्रमुख आर्थिक सूचकहरूको अवस्था (Key Macroeconomic Indicators)

- स्थिर मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन वृद्धिदर  (Growth rate) आधारभूत मूल्यमा ६.८१ प्रतिशत।
- चालू मूल्य अनुसार कुल उत्पादन (Gross Output) आधारभूत मूल्यमा ४७,९६,५१९ मिलियन।
- चालू मूल्य अनुसार कुल मध्यवर्ती उपभोग (Intermediate Consumption) उपभोक्ताको मूल्यमा १७,३५,२८९ मिलियन।
- चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन (GDP) आधारभूत मूल्यमा २९,३२,७४४ मिलियन।
- चालू मूल्य अनुसार कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ३४,६४,३१९ मिलियन।

- चालू मूल्यमा कुल स्थिर पुँजी निर्माण (Gross fixed capital formation) १२,७९, ५१३मिलियन (कुल गार्हस्थ्य उत्पादनको ३६.९३ प्रतिशत)।
- चालू मूल्यमा अन्तिम उपभोग खर्च (Final consumption) २७,५४,९९१ मिलियन (कुल गार्हस्थ्य उत्पादनको ७९.७३ प्रतिशत)।
- चालू मूल्यमा वस्तु तथा सेवाको खुद निर्यात (Net export) –१४,४७,८५० मिलियन।
- विप्रेषण ९,०८,९४० मिलियन (कुल गार्हस्थ्य उत्पादनको २६.२४ प्रतिशत)।
- प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन रु १,१७,४५५ अर्थात १,०३४ यु.एस डलर।

*प्राविधिक नोट* ***(Technical Notes)***

*केन्द्रीय तथ्यांक विभागले तयार गर्ने राष्ट्रिय लेखा सम्बन्धी अनुमानहरू संयुक्त राष्ट्रसंघ, तथ्यांक आयोगले (United Nations, Statistics Commission) सिफारिस गरेको System of National Accounts, 1993 मा उल्लेखित विधि र वर्गीकरणहरूमा आधारित छन।*

*केही शब्दावलीहरू* ***(Glossary)***

*१. उत्पादन (Output): उत्पादनहरूबाट उत्पादन गरिएका वस्तु तथा सेवाहरूलाई उत्पादन (Output) भनिन्छ।*

*२. मध्यवर्ती उपभोग (Intermediate Consumption) : उत्पादनहरूबाट नयाँ वस्तु तथा सेवाको उत्पादन गर्नका लागि उपभोग गरिएका वस्तु तथा सेवाहरूको कूल मूल्यलाई मध्यवर्ती उपभोग (Intermediate Consumption) भनिन्छ।*

*३. कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA): उत्पादकहरूको कुल उत्पादनबाट (Gross Output) मध्यवर्ती उपभोग (Intermediate Consumption) घटाएपछि बाँकी रहेको वस्तु तथा सेवालाई कुल मूल्य अभिवृद्धि (Gross Value Added, GVA) भनिन्छ।*

*४. कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product, GDP): कुनै आर्थिक क्षेत्रभित्र निश्चित गणना अवधिमा भएको कुल मूल्य अभिवृद्धिको योगलाई नै कुल गार्हस्थ्य (Gross Domestic Product, GDP) भनिन्छ।*

२०७६ साल वैशाख १३ गते शुक्रबार

केन्द्रीय तथ्याङ्क विभाग, थापाथली।